आज मिति २०७५ साल फाल्गुण २३ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा. | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री बिशकसेन ढकाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं.१

यस चालु आ.ब.०७५/०७६ मा मनहरी गांउसभाबाट बिनियोजीत पूर्बाधार बिकाश तर्फको पूंजीगत ब.शि.नं. ३०१०/७ प्रदेश सशर्त सिम्पानी-सरिखेत-भार्ता-गोगने-पालुङ्ग सडक आयोजनाको रु. रु.१ करोड कैलाश गांउपालिकाबाट कार्यान्वयन गरिने आयोजना भएको बुझिन आएकोले सोही बमोजीम कैलाश गांउपालिका मकवानपुरमानै निकासाको व्यबस्था गरिदिनुहुन प्रदेश नं ३ सकरकारलाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.२

सीघिय सरकार,शिक्षा,बिज्ञान तथा प्रबिधि मन्त्रालय बाट यस गांउपालिका अन्तर्गत सामुदायीक बिधालयहरुमा कक्षा कोठा थपकोलागी प्राप्त भएको थप बजेट रकम रु. ३२ लाख वडा नं ४ अन्तर्गत रहेको श्री सृजना प्रा.बि. को लागी चार कोठे पक्की भवन बनाउन रकम बिनियोजन गर्ने निर्णय गरियो। साथै सो योजना उपभोक्ता समिति मार्फत सम्झौता गरि सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस मनहरी गांउ पालिका भित्र रहेका स्वास्थ्य केन्द्रहरुको सेवा सुदृढीकरणको लागी एक जना अ.न.मि. र एक जना ल्याब असिस्टेन्ट नियमानुसार भर्ना गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.४

मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघबाट आयोजना हुन गइरहेको तालिम कार्यक्रमको लागी चालु ब.शि.नं १०४०/५ राजस्व बांडफांड मा बिनियोजित सहकारी अभिमुखिकरण तालिम शीर्षकबाट रु.५००००। बिनियोजन गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५

वडा नं ५ र १ बाट बिधुत तार/पोल/ट्रान्सफर्मर लगायत ढुवानी गर्दा भएको बिल भर्पाइ बमोजिमको खर्च रकम सोही वडागत बिधुतिकरण शीर्षकबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.६

मनहरी गांउपालिकाको बोलपत्र तथा सिलबन्दी दरभाउपत्र मुल्याङ्कन समितिबाट बिभिन्न मितिमा भएको तपशील बमोजीमको ठेक्का मुल्याङ्कन भइ स्वीकृतिको लागी प्राप्त बोलपत्रहरुमा तपशील बमोजीम हुने निर्णय गरियो ।

| सि.नं | बोलपत्र नं | योजनाको नाम/स्थान | छनौट भएको निर्माण व्यबसायी | ल.ई.को अंक | कबोल अक | स्वीकृत/ अस्वीकृत |
|---|---|---|---|---|---|---|
| १ | ८/०७५ /०७६ | बिजौना खानेपानी योजना मनहरि ७ | प्रकृति निर्माण सेवा प्रा.लि. रुपन्देही | ६८१८९२१.८८ | ६७५८१७९.१४ | स्वीकृत |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ९/०७५ /०७६ | लोथर खानेपानी योजना मनहरी ६ | प्रेरक कन्ट्रक्सन एण्ड प्रिफ्याब होम प्रा.लि.हेटौडा ४ | ३४९९८८९.५४ | २५२२३३३.८९ | स्वीकृत |
| ३ | १०/०७ ५/०७६ | तल्लो मसिने पालुङ्गेटोल खानेपानी योजना मनहरी ४ | प्रेरक कन्ट्रक्सन एण्ड प्रिफ्याब होम प्रा.लि.हेटौडा ४ | ४८५११३५.७० | ३६१६८४१.४० | स्वीकृत |
| ४ | ११/०७ ५/०७६ | ज्यामिरे अजिङ्गरे खानेपानी योजना मनहरी ४ | प्रेरक कन्ट्रक्सन एण्ड प्रिफ्याब होम प्रा.लि.हेटौडा ४ | ४८५१२३२.३१ | ३५४०९७४.४० | स्वीकृत |
| ५ | १३/०७ ५/०७६ | मनहरी रुपाचुरी सडक स्तरीकरण योजना मनहरी ६ | मनकामना बिल्डर्स हेटौडा ११ | ४८९१६९४.१५ | ३२३७६७३.१२ | स्वीकृत |
| ६ | १४/०७ ५/०७६ | रमौली प्रतापपुर सडक निर्माण योजना मनहरि ७ | सुसन कन्ट्रक्सन निबुवाटार | ४८८२७९२.९४ | ३३९२९०९.७५ | अस्वीकृत /पुनः बोलपत्र आव्ह्यान गर्ने |
| ७ | १५/०७ ५/०७६ | लामिटार चकरी सडक स्तरीकरण मनहरी ३ र १ | रत्न कुमारी एण्ड सन्स बिल्डर्स हेटौडा | ४८७०१४२.२२ | २४८१०३०.१५ | स्वीकृत |
| ८ | १६/०७ ५/०७६ | दर्दरा बशन्तपुर सडक स्तरीकरण मनहरी ५ | रत्न कुमारी एण्ड सन्स बिल्डर्स हेटौडा | ४८६७७१६.३६ | २४७५६३२.६५ | स्वीकृत |

निर्णय नं.७

वडा नं ८ को ज्यामिरे-केराबारी-सरिखेत सडक को डी.पी.आर.तयार पार्न बिनियोजित रकमबाट तोकिए बमोजीम भन्दा बढी कार्य गर्नु परेको कारण यस अघि बिनियोजीत रु.३५००००। रकम अपुग हुने हुंदा थप रु.१५००००।सोही शीर्षकबाट कट्टी हुने गरि बिनियोजन गर्ने निर्णय गरियो ।साथै सोही आयोजनाको बाताबरणीय प्रभाव मुल्याङ्कन(EIA) अध्ययन गर्नु पर्ने भएकोले सो कामको लागी सोही योजनाबाट रकम कट्टा हुने गरि ९ लाख बिनियोजन गर्ने र तयार भएको लागत अनुमान र कार्यशुची (TOR) स्वीकृत गरि मौजुदा सुचिमा रहेका परामर्शदाताबाट खरीद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.८

गाउँ कार्यपालिकाको कार्यालय
राजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

पुकराज उप्रेती
अध्यक्ष

बन बिज्ञान बिश्व बिधालय कमिटी अन्तर्गत रहेको मदन भण्डारी स्पोट्स एकेडमीलाई मिति २०७५/१०/२५ गते देखि भएको मदन भण्डारी राष्ट्रीय अन्तर प्राबिधिक फुटवल प्रतियोगीताको आयोजकले माग गरेबमोजीम अनुदान तथा आर्थिक सहायता निर्देशिका बमोजीम रु.१५०००। आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९

गांउ शिक्षा समितिको निर्णय बमोजीम मनहरी गांउ पालिका क्षेत्रभर संचालित बिधालयको स्थलगत अनुगमन गर्नु पर्ने र सोको लागी खाजा/खाना लगायत बिबिध शीर्षकमा रकम आबस्यक हुने हुंदा सो कामको लागी पूंजीगत खर्च शीर्षक २०१०/१५ शिक्षा कार्यक्रमको अनुगमन तथा निरीक्षणमा बिनियोजीत बजेटबाट रु.५००००। बिधालय अनुगमन कार्यक्रममा खर्च गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

गांउपालिकामा सहकारी संस्थाहरु दर्ता गर्ने लगायत कार्यमा सहकारी रजिष्ट्रार आबस्यक पर्ने हुंदा प्रमुख प्रशासकीय अधिकृत लाई रजिष्ट्रार तोक्ने निर्णय  निर्णय गरियो ।

निर्णय नं.११

गांउ शिक्षा समितिको सिफारिसमा गांउपालिकामा कार्यरत अङ्ग्रेजी बिषयका केही शिक्षकलाई पुनरताजगी तालिममा सहभागी हुन पठाउने र त्यस्तो तालिम संचालन गर्ने संस्थाले तालिममा सहभागी गराएबापत उपलब्ध गराउन पर्ने नियमानुसारको रकम उपयुक्त शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१२

युवा लक्षित कार्यक्रम अन्तर्गत गांउ वा संन्जालबाट तयार गरिएको कार्ययोजना स्वीकृत गरि योजनाका उल्लेखित कृयाकलापहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

वडा नं ३ मा रहेको सुकौरा झुल्यान पश्चिम सडक मर्मत कार्यको लागि मर्मत सम्भार कोषबाट रु.५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

वडा नं ५ को सामाजिक सुरक्षा भत्ता बितरण गर्न नियुक्त एन.आइ.सी.एसिया बैंक बाट परिबर्तन गरि साङ्ग्रिला बैंक रजैया शाखामा  खोल्ने र सोही बैंकबाट बितरणको व्यबस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

वडा नं ६ प्रतापपुरमा कृषकहरुद्वारा सुरु गरिएको अर्ग्यानिक तरकारी खेती कार्यक्रममा प्रोत्साहन गर्न सोही बिषयमा कृषि कार्यक्रममा बिनियोजीत रकमबाट नियमानुसार माग बमोजीमको पानी तान्ने पम्प उपलब्ध गराउने निर्णय गरियो ।

निरंग प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

पुकराज उप्रेती
अध्यक्ष

गाउँपालिका
कार्यपालिकाको कार्यालय
हर्नैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं.१६

वडा नं ५ को डिल्लिपुर चिसापानी देखि डण्डी सम्म नयां ट्र्याक बाटो निर्माणको लागी मरमत सम्भार कोषबाट रु.५०००० । बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

वडा नं ९ मा रहेको खरङ्गाटोल खेलकुद मैदान सम्याउने कार्य सम्पन्न भइ भुक्तानीको लागी पेश हुन आएकोले बिल भरपाइ बमोजिन नियमानुसार रकम भुक्तानी दिन खेलकुद मैदान व्यवस्थापन शीर्षकबाट कट्टा गरि रु.५० हजार सो कामको लागी रकम बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

पशु स्वास्थ्य ईकाइबाट बिभिन्न मिति र स्थानमा पशु भ्याक्सिनेशन भएकोमा सो काम गर्दा लागेको रकम माग भएकोमा नियमानुसार बिल भर्पाइ बमोजीमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।साथै गाई भैंसीमा गरिने कृतिक गर्भाधान कार्यक्रममा कार्यबिधि बमोजीम अहिले सम्म भएको कामको भुक्तानी दिन बांकी रकम चालु खर्च शीर्षक १०१०/५० "सम्पूर्ण कृषि तथा पशु स्वास्थ्य कार्यको अनुगमन मुल्याङ्कन" कार्यक्रममा बिनियोजीत १४५०००। लाई रकमान्तर गरि भुक्तानीको व्यबस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं १९

वडा नं ५ मा रहेको स्वास्थ्य चौकी,वडा नं २ र ४ को खोप केन्द्र भबनमा शौचालय तथा प्रतिक्षा स्थल(पाली) बनाउने र सो कामको लागी ल.ई.बमोजिमको रकम जिरो होम डेलिभरी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।साथै वडा नं ४ हांडीखोला मसिनेमा तरकारी हाट बजार संचालन भईरहेको स्थानमा चालु खर्च शीर्षक १०१०/३१ हाटबजार व्यबस्थापन शीर्षकबाट बिनियोजन गरि कृषि हाटबजार टहरा निर्माण गर्ने र सो काममा लाग्ने ल.ई.बमोजीमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २०

प्रत्यक वडामा लोकल कुखुरा पालनकार्यलाई प्रोत्साहन गर्न ५० प्रतिशत कृषक सहभागीता रहने गरि चालु खर्च शीर्षक १०२०/१ मा रहेको युवा स्वरोजगार तथा आय आर्जन सहयोग अन्तर्गतको रु.२० लाख बाट वडागत रु.२/२ लाख बिनियोजन गरि लोकल कुखुरा पालनको लागी ईच्छुक युवाहरुसंग प्रस्ताब आव्हान गर्ने र बांकी रु.२ लाख मध्य १ लाख सोही कामको कृषकलाइ तालिम र १ लाख सो कार्यको अनुगमन निरीक्षणमा खर्च गर्ने गरि रकम बिनियोजन गर्ने निर्णय गरियो ।साथै चालु १०१०/३२ राजस्व बांडफांड शीर्षकको रु.४ लाख पशु स्वास्थ्य इकाइको प्रस्ताबना बमोजीम र चालु १०२०/२ रायुप शसर्तमा रहेको युवा उधमशिलता कार्यक्रम मा बिनियोजीत ११ लाखमध्य बाट १० लाख जिल्ला युवा परिषदको कार्यालय मकवानपुरबाट सिफारिस भई आउने युवा समुहलाइ नियमानुसार उधमशिलता अनुदान उपलब्ध गराउने तथा बांकी १ लाख सो कार्यको अनुगमन मुल्याङ्कन कार्यमा नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं २१

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

एकराज उप्रेती
अध्यक्ष

टोल बिकास संस्था गठन हुन बांकी वडा तथा टोलहरुमा नियमानुसार टोल बिकास संस्था गठन गर्न सम्बन्धित वडा सचिवहरुको समन्वयमा सबै वडामा टोल बिकास संस्थाहरु गठन गर्ने निर्णय गरियो। सो कामको लागी टोल बिकास संस्था गठन अभिमुखिकरण तथा पूर्वाधार सहयोग कार्यक्रम चालु खर्च शीर्षक ५०१०/५ मा रहेको बांकी बजेट प्रस्तावना बमोजीम खर्च गर्न जिन्सी शाखालाई अख्तियारी दिने र समग्र कार्यको संयजकत्व र सहजीकरण गर्न कार्यपालिका सदस्य राधा खकुराल पाठकलाइ जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं २२

कार्यालमा बजार सरसफाई लगायत काममा आवस्यकता परि एक थान पावर टीलर ट्र्याक्टर खरीद भइ आएकोले सोको लागी चाहिने चालक एक र सहचालक एक आबस्यकता पर्ने हुंदा सो चालक पदमा मनहरी वडा नं ८ निबासी कृष्णबहादुर मुक्तानको छोरा संतोष मुक्तान र सहचालक पदमा मनहरी ८ निबासी तिलक स्याङ्तानको छोरा सुरज स्याङ्तानलाई नियमानुसार करार सम्झौता गरि काममा लगाउने निर्णय गरियो ।साथै निजहरुको पारिश्रमिक सोही पदको न्युनतम सुरु तलब बमोजीम कायम गर्ने समेत निर्णय गरियो ।

निर्णय नं २३

अबैध तरीकाले नदिजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्ने सवारी नियन्त्रणमा लिइ आर्थिक ऐन बमोजीम जरीवाना असुलीमा सहयोग गरेबापत स्थानिय सुरक्षा निकाय(प्रहरि)लाई त्यस्तो जरिवानाबाट संकलन भएको रकमको २५ प्रतिशत सम्म प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।साथै हाल सम्मको त्यस्तो प्रोत्साहन रकम नियमानुसार गिटी बालुवा व्यबस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २४

गांउसभाबाट बिनियोजीत समपुरक कोष अन्तर्गत शीर्षकबाट ६०/४० को अबधारणा बमोजीम काम गर्न ईच्छुक उपभोक्ताहरुलाई सुचना आव्हान गर्ने र सोबाट छनौट हुने उपभोक्ता समिति संग नियमानुसार सम्झौता गरि योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २५

वडा नं ९ मा रहेको प्रणामी टोल खानेपानी योजनाबाट पर्याप्त पानी उपलब्ध हुन नसकेको हुंदा सो स्थानमा तत्काल एक टयुबवेल धारा जडान गर्ने र सोको लागी आवस्यक पोलेथिन पाईप समेत उपलब्ध गराउन बिपद व्यबस्थापन कोषबाट रु.२५ हजार बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं २६

वडा नं ४ मा रहेको श्री सिर्जना प्रा.वि.को चार कोठे पक्की भवन बनाउन सोही योजनामा रहेको रु.३२ लाख बाट रु.१ लाख कट्टा गरी बिधालयको नक्सा तथा प्राविधिक एनालाइसिस गर्न मौजुदा सुचीमा रहेका कन्सल्टेन्सी संग सोझौ वार्ताद्वारा परामर्श सेवा खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं २७

वडा नं १ मा रहेको नविन मेमोरियल बोर्डिङ्ग स्कुलले कक्षा थपको लागी अनुमती माग गरेकोमा शिक्षा समितिको अनुगमनबाट सिफारिस भए बमोजीम सो बिधालयलाइ कक्षा २ र ३ संचालन गर्न पाउने गरि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २८

मिति २०७५/१२/१ र २ गते बातावरण अनुकुलन सम्बन्धि गोष्ठी आयोजना गर्न चालु खर्च शीर्षकमा बिनियोजीत ४०३०/४ केन्द्र बि.स.अ.मा रहेको रु.१ लाख बजेटबाट कार्यक्रम बनाइ गांउसभाका सबै सदस्य सहभागी हुने गरि गांउपालिका कार्यालयमा आयोजना गर्ने निर्णय गरियो ।